# कानेपोखरी गाउँपालिका

## आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

**यस गरिमामय गाउँसभाका सभा अध्यक्षज्यू, सभाका उपाध्यक्षज्यू,**
**गाउँसभाका माननिय सदस्यज्यूहरु,**
**गाउँ सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**उपस्थित सम्पूर्ण कर्मचारीहरु तथा सञ्चारकर्मी साथीहरु।**

यस गरिमामय गाउँसभामा उपस्थित गाउँसभा सदस्यहरु कर्मचारी वर्ग पत्रकार साथीहरु सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा यस सभाको सभा अध्यक्षको अनुमतिले स्वागत गर्न चाहान्छु । साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न,राष्ट्रियता नागरिक सर्वोच्चता तथा नागरिकलाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

संघीय शासन प्रणालिको माध्यमबाट न्यायपूर्ण, समतामुलक र समृद्ध समाज निर्माण गर्ने उद्देश्यका साथ कानेपोखरी गाउँपालिकाको सर्वाङ्गीण विकासको अभियानमा केन्द्रित रहेर आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम कानेपोखरी गाउँपालिकाको पालिका प्रमुखको हैसियतले यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ। आगामी आ व को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्नमा सरोकारवाला निकायहरु,विभिन्न राजनीतिक दल, नीतिगत सुझावको लागि प्रकाशित सूचना अनुसार पालिकाबासीहरुबाट प्रेषित प्राप्त सुझावहरुलाई समेत सम्भव भएसम्म समेट्ने प्रयत्न गरेको छु ।स्थानीय तहको दोस्रो निर्वाचनको आज चौथो वर्षमा आईपुग्दा विगतका वर्षमा झै यस गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु र सो उपर छलफल भई पारित भए पश्चात् स्थानीय सरकार सञ्चालन एन,२०७४ ले तोकेको सीमा भित्र बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था मिलाउने छु ।

गत आवको सुरुवाती चरणमा अप्रत्याशित रुपमा भएको जेन्जी आन्दोलन र उक्त आन्दोलनले प्रत्यक्ष अप्रत्क्ष रुपमा पारेको असरले यस गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणमा परेको असर तपाई हामीले महशुस गरेका नै छौ ।यस्तो असहझ परिस्थितिलाई चिर्दै जनताको सेवा र विकासप्रतिको चाहनालाई हामीले नजर अन्दाज गर्ने अवस्था पनि थिएन जसको परिणाम स्वरुप पालिकाको सिङ्गो टिम नै एकताबद्ध भएर अक्ष परिस्कृत पारदर्शी र व्यवस्थित रुपमा हामी नियमित काममा फर्किएर निरन्तर सेवा प्रवाह र विकास निर्माणमा जुट्यौ ।

नेपालको संविधान, १६औं आवधिक योजनाले लिएका लक्ष्य, गाउँपालिकाको वस्तुगत आवश्यकता र पालिकाबासीको चाहना र अपेक्षा, विभिन्न राजनीतिक दल, संघ संस्था नागरिक समाज, सचेत युवा लगाएतबाट प्राप्त सुक्षावको सेरोफेरोमा रहेर यस गाउँपालिकाले आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ। प्रस्तुत नीति तथा कार्यक्रम पालिकाबासी नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने दिशा तर्फ केन्द्रित रहेको छ। कानेपोखरी गाउँपालिकाको पूर्वाधार विकास, शैक्षिक गुणस्तरमा सुधार, कृषिमा यान्त्रिकरण गरी रुपान्तरणकारी मानवीय पूँजी निर्माण तयार गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्दै सुशासन तथा समतामूलक समाज स्थापनाको लागि समाजिक एवम् आर्थिक क्षेत्रमा थप लगानी विस्तार गरी सन्तुलित विकासको माध्यमद्वारा उत्पादनशील अर्थतन्त्रको निर्माणलाई प्रस्तुत नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राखेको छ।तसर्थ आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकावासी नागरिक तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रचनात्मक रुपमा रहने कुरामा विश्वस्त रहेको छु ।

यस अवधिमा म आ.व. २०८२/०८३ मा कानेपोखरी गाउँपालिकाले विकास निर्माण, विपद् व्यवस्थापन, नागरिक मैत्री सेवा प्रवाह र सुशासनका क्षेत्रहरुमा गरेका प्रयास, असल अभ्यास तथा उपलब्धीको सक्षिप्त समीक्षा गर्न चाहान्छु।यी उपलब्धीहरु हासिल गर्नमा यहाँहरुको योगदान साच्चिकै प्रशसनीय छ ।

- चालु आ व को २०८३ जेष्ठ मसान्त सम्मको वित्तिय व्यवस्थापन खर्च प्रगति
  क पूँजीगत खर्च :-५३.३८%
  ख.चालु खर्चः-६५.९२%
  ग आन्तरिक आय तर्फको राजश्व संकलन :-१ करोड ४९ लाख ३ हजार २ सय ५९
- गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा पालिकास्तरीय योजना,वडा स्तरीय योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएको कार्य प्रकृतिको विश्लेषण गर्दा वितरणमुखी योजना पद्धतिमा सुधार भएको छ।पालिकाका कार्यक्रम तथा योजनाहरुलाई स्थानीय गौरवका आयोजना, रणनीतिक योजना, उत्पादनमुखी योजना तथा पहुँचमुखी योजनाको रुपमा विभाजन गरी बहुवर्षीय रुपमा कार्यान्वयन गरिएको छ।यसको सुरुवातको रुपमा चालू आ.व. २०८२/०८३ मा गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडकहरुको ७८७० किलोमिटर कालोपत्रे कार्य सम्पन्न, ३७०० मिटर प्रस्तावित सडक स्तरोन्नति, ३३०० मिटर सबबेस,३५०० मिटर ड्रेन स्तरोन्नत्ति सम्पन्न गरिएको छ।
- वडा नं.१ देखी वडा नं.७ सम्म १५ किलोमिटर कालोपत्रे सडक तथा ड्रेन निर्माण योजना सम्झौता भई कार्य भई रहेको छ ।वडा नं ४ स्थित बयरवन अस्पताल परिसरमा १५ शैयाको अस्पताल निर्माणाधीन रहेकोमा ६०% कार्य सम्पन्न भएको, कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको ३०% कार्य सम्पन्न भईसकेको, श्री जनकल्याण माध्यमिक विद्यालयको ६ कोठे भवन निर्माण सम्झौता भई निर्माण कार्य भईरहेको, श्री बाल माध्यमिक विद्यालयको ४ कोठे भवन निर्माण कार्य भईरहेको, चिसाङ्ग खोला तटबन्धन ठेक्का सम्झौता कार्य सम्पन्न भईसकेको छ ।

- कानेपोखरी गाउँपालिकाका विपन्न सिमान्तकृत समुदायका नागरिकहरुका लागि १२२ आवास/घर निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिएको, ४५ घर विपन्न परिवारलाई सुरक्षित नागरिक आवास निर्माण ठेक्का सम्झौता भई सक्नुका साथै अन्य विभिन्न पालिका स्तरीय गौरवका योजनाहरु सञ्चालनमा रहेका छन्।
- भदौ २२ र २३ गतेको जेन्जी आन्दोलनबाट क्षतिग्रस्त पालिका भवन तथा वडा कार्यालयहरुको मर्मत सम्भार तथा निर्माण गरी सेवा सञ्चालनमा ल्याईएको छ ।
- शिक्षकहरुलाई पेशागत तालिम सञ्चालन गरिएको, सबै माध्यमिक विद्यालयहरुमा **PTA physical Training** सम्बन्धी तालिम सञ्चालन गरी कार्यान्वयनमा लगिएको, उत्कृट नजिता हासिल गर्ने शिक्षक र विद्यार्थीहरुको विवरण सार्वजनिक गरी प्रोत्साहन गरिएको।
- गाउँपालिका स्तरीय कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन तथा नतिजा विश्लेषण गर्दा गत वर्षको तुलनामा नतिजा सुधार भएको,
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरिएकाले गाउँपालिकाको राजश्वका दर र दायरालाई समयानुकूल बनाइएको तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत संस्थागत विकासमा टेवा पुगेको।
- गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा महिला सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरिएको ।
- भूमिहीन दलित र सुकुम्बासीलाई निःशुल्क जग्गा वितरण गर्न तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्दै जग्गा नापजाँचको कार्यलाई तीव्रता दिनुका साथै नापजाँच कार्यलाई पालिकाले थप जनशक्तिको व्यवस्थापन गरी कार्य गरेको।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम (मेड्पा), महिला तथा बालबालिका शाखा तथा ७ वटै वडाले सीप विकासका कार्यक्रम सञ्चालन गरी व्यक्तिमा निहित सीप, ज्ञान र क्षमताको उजागर गर्दै स्थानीय आर्थिक समुन्नति र आर्जन बढ्ने तालिम तथा सीप विकासमा लगानी गरेको छ ।

- नेपाल सरकारले तोकेको मापदण्ड पूरा भएकाले गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दीगोपन घोषणा गरिएको।
- गाउँपालिका क्षेत्रमा सिँचाइको प्रभावकारी व्यवस्थापनका लागि कुलोपैनी निर्माण कार्यलाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमसँग आवद्ध गरी प्रभावकारी रुपमा सञ्चालन गरिएको।
- कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका क्षेत्रभित्र मठमन्दिर निर्माण तथा निर्माण सम्पन्न भएका मठमन्दिरको पुनर्निर्माण, रंगरोगन तथा विभिन्न जातजातिका चाडपर्वका अवसरमा आयोजित कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराइएको।
- विभिन्न स्तरीय तथा अन्तरपालिका स्तरीय पालिकामा सञ्चालित खेलकुद कार्यक्रमका लागि खेलकुद सामाग्री तथा आवश्यक सहयोग रकम उपलब्ध गराइएको।
- गाउँपालिकाले स्वास्थ्य केन्द्र स्थापना गरी सेवाको विस्तार वडा तहसम्म गरेको छ । घातक, दीर्घ, सरुवा आदि रोगको पहिचान, उपचार र विस्तारका लागि स्वास्थ्य सेवालाई नागरिककै घरदैलोमा विस्तार गर्ने अभिप्रायले वडागत रुपमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।
- खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरी वडा नं२, वडा नं ५,वडा नं ७ मा चालु आवमा ४९०० मिटर दुरीमा खानेपानीको पाइप विस्तार कार्य सम्पन्न गरिएको, खानेपानी सदस्यता विस्तारमा आर्थिक सहयोग, खानेपानीको धारा जडान, ट्युवेल जडान र गडान गरिएको छ ।
- विपन्न परिवारका लागि नि:शुल्क शौचालय निर्माण तथा विद्युत मिटर सिफारिस नि:शुल्क रुपमा गरिएको छ ।

यसरी हामीले अवलम्बन गरेका नीतिगत व्यवस्था, संरचनात्मक सुधार, नीति तथा कार्यक्रम र बजेट तर्जुमा देखी कार्यान्वयन सम्मको सामञ्जस्यताका कारण सीमित श्रोत साधनको बावजुद हामीले हासिल गरेका उपलब्धि अनुकरणीय छ भन्ने विश्वास लिएको छु ।

**अब म कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

प्रस्तुत नीति तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकताहरु निम्न बमोजिम रहेका छन्।

१) उत्पादनशील, दिगो, योजनावद्ध र पर्यावरणमैत्री पूर्वाधार विकास
२) सामाजिक न्याय, समावेशी तथा समतामूलक समाज निर्माणको लागी शिक्षा, स्वास्थ्यमा लगानी
३) स्थानीय कृषि उत्पादन, व्यवस्थापन तथा बजारीकरणमा जोड
४) सहज तथा जनमूखी सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि
५) प्रविधिमैत्री सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन

## <u>योजना तथा पूर्वाधार विकास क्षेत्रः-</u>

१. आ.व.२०८३/०८४ मा कानेपोखरी गाउँपालिकाको आवधिक योजना (periodic Plan) तर्जुमा गरी सोही बमोजिम मध्यमकालीन खर्च संरचना (MTEF) समेत तयार गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न **कार्यक्रम कार्यान्वयन कार्ययोजना** तथा **खरिद योजना** स्वीकृत गरी कार्यान्वयन गरिनुका साथै गाउँपालिकाको आयोजना पहिचान, वर्गीकरण, छनौट र प्राथमिकीरण यथार्थपरक र वैज्ञानिक बनाउन आयोजना बैंक प्रणालीलाई प्रभावकारी बनाईने छ ।

३. गत आ व मा सञ्चालन भई अधुरा रहेका आयोजना र बजेटको कमीले क्रमागत रहेका सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरु सम्पन्न गर्ने गरी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।३

४. आयोजनाहरुको खरिद सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी र परिणाममुखी बनाउन ससाना परियोजनाहरुलाई एकीकृत (project pooling/packing )गरी कार्यान्वयन गरिनेछ तथा प्रदेश तथा स्थानीय तहबाट विकासमा आधारित तथ्याङ्क संकलन एवंम् अध्यावधिक गरी सरोकारवालाको सहज पहुँच स्थापित गरिनेछ ।

५. गाउँपालिका क्षेत्रत्र **"एक वडा एक पिंच तथा ड्रेन निर्माण** कार्यक्रम सञ्चालनलाई निरन्तरता गरिनेछ। गाउँपालिका क्षेत्रभित्र यस आर्थिक वर्षमा सबै वडामा १५ किलोमिटर सडकमा पिच/ड्रेन निर्माण गरी सडकलाई स्तारोन्नती गरिनेछ।गत आवमा सभाबाट निर्णय भई आएका कालोपत्रे तथा ड्रेन निर्माण योजनालाई अगाडी बढाउँदै क्रमशः प्रत्येक वर्ष थप गरिदै लगिनेछ।

६. रोजगार सीप तथा उद्यमशीलता केन्द्रसँग साझेदारीमा सञ्चालन हुने योजनामा जनश्रमदान नराखिने।

७. ५० मिटर भन्दा कम लम्बाई एवंम् ४ मिटर भन्दा कम चौडाई भएका सडकहरुमा ब्लक/ईटा/ढुङ्गा बिछ्याउने कार्य गरिने छ ।

८. कानेपोखरी गाउँपालिकाका विपन्न नागरिकहरुका लागि सुरक्षित नागरिक आवास निर्माण,विपन्न नागरिक स्वास्थ्य बीमा, निर्माणाधीन पन्ध्र शैंयाको आधारभूत कानेपोखरी अस्पताल, कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय भवन तथा सडक कालोपत्रे तथा ड्रेन निर्माण आयोजनालाई पालिकाको गौरवको आयोजनामा समावेश गरी तोकिएको समयमा सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ।

९. गाउँपालिका क्षेत्रभित्र विभिन्न भौतिक संरचना तथा पूर्वाधारहरुको आवश्यकता अनुसार मर्मत सम्भार गर्न **"मर्मत सम्भार कोष"** मा उपयुक्त रकम विनियोजन गरिनेछ। उक्त कोष परिचालनको लागि उपयुक्त पद्धतिको विकास गरिनेछ।

१०. गाउँपालिका क्षेत्रभित्रका नदीनालाबाट हुन सक्ने सम्भावित कटान नियन्त्रण गर्न रकम विनियोजन गरी तटबन्धन गरिनेछ। नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायसँगको साझेदारीमा नयाँ प्रविधि तथा जैविक प्रविधि समेतको प्रयोग गरी तटबन्ध आयोजना संचालन गरिनेछ।

११. नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र दातृनिकायसँगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालनको लागी समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ। आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको स्थानीय संचित कोषमा मौज्दात रहन आउने रकम समेत सोहि कोषमा स्वतःसमायोजन हुने व्वयस्था मिलाईनेछ।गाउँपालिकाको विनियोजन ऐनमा समावेश कुनै आयोजना/कार्यक्रम संचालनका रकम नपुग भएमा उक्त कोषबाट रकम व्यवस्थापन गरिनेछ।

१२. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका सार्वजनिक संरचना तथा निकायहरुको भौतिक सम्पत्तिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाईनेछ भने सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न मर्मतसम्भार कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

१३. गाउँपालिका क्षेत्रभित्रका शवदाह स्थलको निर्माण गर्ने, पुनर्निर्माण गर्ने तथा त्यस्ता स्थलहरुका खानेपानी, शौचालय निर्माण, मलामी खाजा घर निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका सडकको विस्तार गर्ने क्रममा उक्त सडकमा अव्यवस्थित रुपमा रहेका विद्युतका पोलहरुलाई सडकको मापदण्ड बमोजिम यथोचित व्यवस्थापनमा गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ।

१५. सडकको भार वहन क्षमता विश्लेषण गरी हेभी तथा हलुका सवारीको आगमनका लागी गाउँपालिका क्षेत्रभित्र सडकको वर्गीकरण गरी लागु गरिनेछ।

१६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तह भित्र निर्माण हुने भवनको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त ऐन लागू हुनुभन्दा अगाडी गाउँपालिका क्षेत्रभित्र निर्माण भएका पक्की संरचनाका भवनहरुलाई अभिलेखीकरण गर्ने प्रयोजनको लागि कानुनले तोके बमोजिम घर अभिलेख प्रयोजनको लागि नक्सा पास नियमित गर्ने व्यवस्था गरिने छ। गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवनहरुको मापदण्ड बमोजिमको नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित र सहज बनाउदै लगिनेछ।

१७. गाउँपालिकामा खेतियोग्य स्थानहरुमा भरपर्दो सिँचाईको व्यवस्थापन गर्न मुहान संरक्षणको लागी उच्च प्राथमिकता दिईनेछ। प्राकृतिक मुहानहरु विभिन्न कारणले सुक्दै गएकाले त्यसको लागी मापदण्ड निर्धारण गरी संरक्षणको व्यवस्था गरिनेछ।

१८. गाउँपालिका भित्र मुख्य सडक प्रस्ताव गर्दा सकेसम्म फुटपाथ र बायो ईन्जिनियरिङ्ग, सडक सौन्दर्यीकरण (२० देखि ५० मिटर फरकमा रुख/ विरुवा रोप्ने) काम समावेश गर्ने, सडकको क्षेत्राधिकार सिमानामा सिमाना छुटयाउन पोल राख्ने/गाडने तथा रोड मार्किङ गर्ने काम समेत समावेश गरी सडक निर्माण कार्यको थालनी गरिनेछ।

१९. लागत साझेदारी बाहेक रु.५ लाख सम्म विनियोजन भएका सबै प्रकारका (ठेक्का/उपभोक्ता समिति/ अमानत/अन्य) योजनाहरुको कन्टिजेन्सी रकम नकाट्ने तथा उपभोक्ता समितिबाट सञ्चालन भएका १० लाख सम्मको योजनाहरुको भुक्तानीमा धरौटी रकम (Retaliation money)कट्टा नगर्ने व्यवस्था मिलाउने छ।

२०. उपभोक्ता समिति मार्फत विद्यालय भवन तथा संरचनाहरु सामुदायिक भवन तथा संरचनाहरु स्वास्थ्य भवन तथा संरचनाहरु सम्बन्धी योजनाहरु धार्मिक भवन तथा संरचनाहरु सम्बन्धी योजनाहरु सञ्चालन हुने भएमा जनसहभागिता/श्रमदान व्यहोर्नु नपर्ने व्यवस्था गरिनेछ।

२१. सोझै खरिद (कोटेशन) मार्फत निर्माण कार्यहरु सञ्चालन गर्दा/गराउँदा १५% ओभरहेड नराखी लागत अनुमान तयार गरी सोही अनुसार खरिद कार्य गर्ने/गराउने व्यवस्था लागू गरिनेछ।

२२. माटोद्वारा पुर्ने कार्य गराउँदा माटोको VAT बील नआएको/नल्याई भर्पाई पेश/ल्याएको खण्डमा गाउँपालिकाको अनुमति नलिई बिक्री गरेको खण्डमा कुल माटोको परिमाणमा प्रदेश आर्थिक ऐन अनुसारको अनुमति दस्तुर अनिवार्य तिर्ने/तिराउने व्यवस्था गरिनेछ ।

२३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुमा पालिकाको तर्फबाट व्यहोर्ने रकममा साझेदारी गर्दा उपभोक्ता समिति नै सूचिकृत बेरोजगार व्यक्तिहरु मात्र हुने भएको हुँदा उपभोक्ता समितिले व्यहोर्ने पर्ने साझेदारी जनश्रमदान वापतको रकम व्यहोर्ने नपर्ने व्यवस्था लागू गरिनेछ।

## कृषि तथा सिचाईं :-

२४. **व्यवसायिक तरकारी खेती तथा अन्य कृषि व्यवसाय गर्ने कृषकलाई उत्पादन तथा उत्पादत्वमा वृद्धि गर्न कृषि यन्त्र तथा उपकरण लगायतका सामग्री खरिदमा मूल्य अनुदानको व्यवस्था गरिनुका साथै नर्सरीहरुको स्थापना र सञ्चालनमा आवश्यक अनुदानको व्यवस्था मिलाईने छ ।**

२५. माटोको उर्वराशक्ति समेत अभिवृद्धि गर्दै दुग्धजन्य एवम् मासुजन्य पदार्थ उत्पादनमा कृषकहरुलाई थप अभिप्रेरित गर्न खसी/बाख्रा, सुँगुर पालनमा सहयोग पुग्ने गरी विशेष अनुदानबाट प्राप्त हुने **कार्यक्रम**बाट **उपयुक्त अनुदान तथा कार्यक्रम** उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२६. निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक र मर्यादित बनाई कृषकलाई उद्यमशीलता तर्फ अभिप्रेरित गर्न देहाय बमोजिमको क्रियाकलापहरु संचालनमा ल्याइनेछ।

क) कृषकहरुको मागमा आधारित मौसमी बेमौसमी विउ/विजन/बेर्ना र कृषि औजार उपकरण साझेदारी कार्यक्रमलाई सामुहिकतामा आवद्ध गरी वितरण गर्ने व्यवस्था मिलाइने छ।

ख) गाउँपालिका भित्रका खेतीयोग्य जमिनमा वर्षै भरि सिंचाईको उपलब्धता सूनिश्चितता गर्न मोटरसहितको स्यालो ट्यूववेल जडान र गडान कार्यमा कृषकलाई अनुदान दिने तथा कूलो पैनी निर्माण कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ।

ग) गाउँपालिका क्षेत्रभित्र सामूहिक तथा चक्लाबन्दी खेती प्रणाली मार्फत उत्पादनमा वृद्धि गर्नुका साथै विपन्न घर परिवारको आर्थिक स्थितिमा सकारात्मक परिवर्तन गरी जीवनस्तरमा सुधार ल्याउन उपयुक्त स्थानमा सब्जी खेतीको लागी जग्गा व्यवस्थापन विउ/विजन उपकरण आदीमा आवश्यक सहयोग उपलब्ध गराइनेछ र त्यस्ता समुहहरुलाई गाउँपालिकाबाट निरन्तर प्राविधिक सेवा र सहयोग उपलब्ध हुने व्यवस्था मिलाइने छ।

घ) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई प्राङ्गारिक मल उत्पादनमा अनुदान दिई रसायनिक मलको प्रयोगलाई निरुत्साहित र अर्गानिक उत्पादनलाई प्रोत्साहित गरिनेछ।

ङ) कृषकहरुद्वारा उत्पादित कृषि उपजहरुको सङ्कलन तथा स्टोरेज गरि कृषि उपजहरुको अधिकतम मूल्य प्राप्त गर्ने व्यवस्था मिलाउनको लागि शीत भण्डार निर्माण कार्यको प्रकृया अगाडी बढाइने छ। जसको लागि नेपाल सरकार र प्रदेश सरकारसँग गाउँपालिकाले साझेदारी गर्ने व्यवस्था मिलाइने छ।

च) स्थानीय माटो सुहाउँदो व्यावसायिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्नको लागी माटो परिक्षण कार्यलाई थप व्यवस्थित गरि सञ्चालन गरिनेछ।

२७. कृषिमा आधारित परम्परागत सीप र कलालाई व्यवसायिक उत्पादनमा जोड्न स्थानीय उत्पादनलाई लघुउद्यमको रुपमा विकास र विस्तार गर्न सहकारी सँस्थासँग सहकार्यलाई निरन्तरता दिईनेछ।

२८. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको सङ्कलन तथा व्यवस्थापन गर्न बजार विकासको लागी कृषि सेडहरुको निर्माण तथा बजार व्यवस्थापन गरी संचालनमा ल्याईनेछ।

## पशुपंक्षी विकास सम्बन्धी:-

२९. निर्वाहमुखी कृषि पेशामा आश्रित गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यवसायिक कृषि उद्यममा आकर्षित गर्न " **सामुदायिक कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि श्री जनसेवा माध्यमिक विद्यालय, रमाईलोमा कृषि विषय अध्यापन गराउने विषय विज्ञहरुलाई समेत थप प्रोत्साहन दिई विद्यालय समय बाहेकको समयमा वडा/वडामा गई कृषक मैत्री तालिम कार्यक्रम सञ्चालनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

३०. व्यवसायिक पशु पालनमा कृषकलाई अभिप्रेरित गरी आय आर्जनमा सुधार गर्ने उद्धेश्य अनुरुप कृषकहरुलाई गोठ/खोर सुधार कार्यमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

३१. कृषि पेशाबाट कृषकहरुलाई बढीभन्दा बढी लाभान्वित गराउने उद्देश्यले निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई व्यवस्थित गरिनेछ।

३२. गाउँपालिका भित्रका पशुपंक्षी पालक कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउन **"टोल टोलमै पशुपंक्षी सेवा"** नामक कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ। त्यस्ता प्राविधिक जनशक्तिलाई सेवा गराए वापत प्रोत्साहनको व्यवस्था गरिनेछ।

३३. गाउँपालिका क्षेत्रभित्रबाटै दक्ष कृषि प्राविधिक जनशक्ति उत्पादन गर्न कृषि क्याम्पस स्थापना तथा पशु प्राविधिक अस्पताल निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरि साझेदारी गर्न पहल गरिनेछ।

## शिक्षा सम्बन्धी

३४. **"शैक्षिक क्षेत्रमा पहुँचको विस्तार "कानेपोखरीवासीको अधिकार"** भन्ने नाराका साथ पालिकाको शिक्षा प्रणालीको सुधार गर्दै अब्वल व्यवस्थापकीय कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको न्युनीकरण, असल अभ्यासहरुको आदान प्रदान, नमुना विद्यालय नीतिलाई निरन्तरता दिईनेछ ।

३५. गाउँपालिका क्षेत्रभित्रका सञ्चालित सामुदायिक विद्यालयहरुको कक्षा १ देखी कक्षा ९ सम्म पालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ ।सोका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३६. प्रधानाध्यापक पद र नेतृत्वको सशक्तीकरणमा जोड दिई सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मासिक रु १०००/- प्र.अ. भत्ताको व्यवस्थालाई निरन्तरता दिई नेतृत्व विकासमा जोड दिइनेछ।

३७. गाउँपालिका- विद्यालयबीच **Invest for Brain Programme** सञ्चालनमा ल्याई प्रतिभाको खोजी (**Talent Hunt**) कार्यक्रम लागू गरिनेछ।

३८. प्रत्येक महिना आधारभूत तह र माध्यामिक विद्यालय तहको प्रधानाध्यापक वैठक पालिकामा बस्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।आवश्यकता अनुसार वडामा पनि शैक्षिक सुधारका लागि बैठक बस्ने व्यवस्था मिलाईने छ।

३९. सरोकारवाला पक्षसँग निरन्तर अन्तर्क्रिया र छलफल गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न **"छात्रासँग अध्यक्ष"** कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

४०. गाउँपालिका क्षेत्रभित्रका विपन्न, दलित, पिछडिएका जातजातिहरु बसोवास गर्दै आएका क्षेत्रहरुमा सामुदायिक बाल विकास केन्द्रको स्थापना र सुदृढीकरण गर्ने

कार्यलाई अगाडि बढाइनेछ भने गाउँपालिका अन्तर्गतका बाल विकास केन्द्रहरुको संस्थागत सुदृढीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक निर्माण कार्य तथा सामाग्री हस्तान्तरणको व्यवस्था गरिनेछ।

४१. विद्यार्थी संख्या तथा शिक्षक अनुपातका आधारमा विद्यालय तथा कक्षा मर्ज गर्ने नीतिलाई निरन्तरता दिईनेछ साथै आन्तरिक शिक्षक सरुवाको व्यवस्थालाई वस्तुनिष्ठ र बैज्ञानिक बनाई लागू गरिनेछ।

४२. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका SEE, कक्षा ८ र कक्षा ५ का उत्कृष्ट नतिजा ल्याउन सफल एक/एक जना छात्र र छात्रालाई नगद पुरस्कार गर्ने व्यवस्था मिलाइनेछ।

४३. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा बाल क्लब गठन गरी बालवालिकामा नेतृत्व विकासको क्षमता अभिवृद्धि गरिनेछ।

४४. खेलकुद र अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पालिका स्तरीय खेलकूद प्रशिक्षक तथा कला प्रशिक्षक नियुक्त गरी विभिन्न खेलकूद तथा संस्कृति झल्कने गीत, नाच, कला, रहनसहन आदिको बारेमा Sports and Cultural Transformation Programe सञ्चालन गरिनेछ।

४५. गाउँपालिका भित्रका बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ताको मासिक रु १९,०००।- र विद्यालय सहयोगी कर्मचारीको मासिक रु १९,०००।- विद्यालय सहायक कर्मचारीको मासिक रु २२,०००।- का दरले खाइपाइ आएको सेवा सुविधालाई यथावत राखी गाउँपालिका भित्रका स्वयम् सेवक शिक्षकहरुले खाईपाई आएको मासिक तलब रु. २२,०००।- तथा पोसाक भत्ता रु १०,०००।- निरन्तरता दिईनेछ ।

४६. उमेर हदका कारण १५ वर्ष भन्दा बढी सेवा गरी अनिवार्य अवकाश हुने विद्यालय कर्मचारी र बाल विकास सहजकर्ताहरुलाई एकमुष्ठ रु.१,५०,०००।-निर्वाह खर्च रकम उपलब्ध गराईनेछ ।

४७. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा CCTV जडान तथा जडान भएको सिसिटिभिहरुलाई मर्मत सम्भार कार्य गरी सामुदायिक विद्यालयमा अनुगमन र निगरानीमा प्रविधिलाई जोड दिईनेछ।

४८. गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको ई-हाजिरी प्रणालीबाट हाजिर अभिलेखलाई संघीय सरकारको सफ्टवेयर प्रणाली केन्द्रीकृत गरी हाजिरीको अभिलेख सुरक्षित र अनुगमनमा सूचना प्रविधिको अधिकतम प्रयोगमा जोड दिईनेछ।

४९. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुमध्ये वर्षभरिमा शैक्षिक गुणस्तर अभिवृद्धिमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम विषयगत शिक्षक/शिक्षिकालाई **नगद रकम र सम्मान-पत्र**ले पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ।

५०. महिला शिक्षिका सुत्केरी भई सुत्केरी विदामा बस्दा पठनपाठनमा हुने समस्यालाई न्यूनीकरण गर्नका लागि महिला शिक्षिका बिदामा बसेको अवधिमा **महिला सुत्केरी सट्टा शिक्षक** नियुक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५१. कानेपोखरी गाउँपालिकामा रहेको रमाईलो बहुमुखी क्याम्पसलाई दिईदै आएको निःशर्त अनुदान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## स्वास्थ्य तर्फः-

५२. आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा गाउँपालिकाले जिम्मेवारी बोध गर्दै, क्यान्सर लागेका, मुटुको रोगी, मृगौलाको विरामी, प्यारालाइसिस तथा अन्य रोगहरुको उपचार गराउने उद्देश्यले स्थापित **"नागरिक उपचार सहायता कोष"** कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।

५३. गाउँपालिका क्षेत्रभित्रका युवा, बालबालिका र अभिभावकहरुलाई लक्षित गरी कानेपोखरीका आमाहरुको अगुवाईमा लागू **औषध दुव्यर्सन** रोकथाम तथा नियन्त्रण गर्नका **"लागू औषध दुव्यर्सन विरुद्ध सचेतना" विषयक** कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।

५४. चिकित्सकको सिफारिसमा ६० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला, गर्भवती तथा सुत्केरी महिला र सहिद तथा वेपत्ता पारिएका परिवारका सन्ततिलाई कानेपोखरी अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवा, ल्याव र रेडियोलोजी सेवा निशुल्क गर्ने व्यवस्थाका लागि बजेट विनियोजन गरिने छ ।

५५. कानेपोखरी अस्पताल वयरवनमा प्रसुति हुन नसकी अन्यत्र अस्पतालमा रेफर गरिएका गर्भवती महिला, प्राकृतिक प्रकोपबाट घाइते भई अन्यत्र रेफर गरिएका स्थानीयवासी, ६८ वर्ष माथिका ज्येष्ठ नागरिक र अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिलाई एम्वुलेन्स सेवा निःशुल्क उपलब्ध गराउन बजेट विनियोजन गरिनेछ।

५६. **"स्वास्थ्य आमा, स्वास्थ्य बच्चा"** अभियानलाई निरन्तरता दिइनेछ। जसको लागी निःशुल्क क्यालसियम चक्की, फोलिक एसिड वितरण गर्ने साथै कानेपोखरी अस्पताल, बयरवनमा आई सुत्केरी हुने महिला र बच्चाको पोषणमा सहयोग पुऱ्याउन उद्देश्यले प्रति सुत्केरी पाँच हजार रुपैयाँको दरले सुत्केरी स्याहार भत्ता दिने व्यवस्थालाई निरन्तरता दिनुका साथै महिला स्वास्थ्य स्वयंम् सेविकाहरुले खाईपाई आएको मासिक तलबमा रु २००० थप गरी मासिक रु ५००० पुर्याईने छ ।

५७. निर्माणाधीन पन्ध्र शैंयाको कानेपोखरी अस्पताल, वयरवनलाई यथाशीघ्र कार्य सम्पन्न गरी अस्पताललाई व्यवस्थित रुपमा सञ्चालन हुने व्यवस्था गरिनेछ। साथै उक्त अस्पताललाई प्रविधियुक्त तथा विरामीमैत्री बनाई अस्पतालबाट दिइने सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने व्यवस्था मिलाइनेछ।

५८. कानेपोखरी अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन तथा प्रभावकारी व्यवस्थापनका लागि विशेषज्ञ परामर्श सेवा र अन्य दक्ष जनशक्ति व्यवस्थापनलाई निरन्तरता दिईनेछ।

५९. गाउँपालिका क्षेत्रभित्र रहेका अति विपन्न, दलित, सीमान्तकृत, लोपोन्मुख जातजाति र **ग र घ** वर्गका अपाङ्गता भएका व्यक्तिहरु ( पहेलो र सेतोकार्ड भएका) नागरिकहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम निशुल्क उपलब्ध गराउन बजेट विनियोजन गरिनेछ ।

६०. पाठेघर सम्बन्धी क्यान्सर तथा आङ्ग खस्ने समस्या भएका महिलाहरुलाई लक्षित गरी **"अध्यक्ष महिला स्वास्थ्य कार्यक्रम"** सञ्चालन गरी निःशुल्क शल्यक्रियाको व्यवस्था मिलाईनेछ।

६१. गाउँपालिकासँग साझेदारीमा स्वास्थ्य शिविर तथा विशेषज्ञ सेवा उपलब्ध गराउन चाहाने स्वास्थ्य संस्थाहरु मार्फत स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

## महिला बालबालिका,समावेशिता प्रवर्द्धन र सामाजिक सुरक्षाः-

६२. महिला, दलित, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, आदिवासी/जनजाती, मधेसी/मुश्लिम लगायत विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सीपमूलक तालिम तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ। विभिन्न जातजातीको रिती रिवाज, प्रथा/परम्परालाई जीवन्त राखी राख्न जातीय पहिचान झल्कने कार्यक्रमहरु आयोजना गरिने छ।

६३. आवासको हकलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र नीजि क्षेत्र (ह्याबिटयाट नेपाल र सहारा नेपाल) सँगको सहकार्यमा नागरिक आवास निर्माण विपन्न नागरिक तथा सीमान्तकृत समुदायलाई आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम, सुरक्षित नागरिकआवास कार्यक्रम, नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिँदै नेपाल सरकार मार्फत सञ्चालनमा आएको सुरक्षित

आवास कार्यक्रममा गाउँपालिकाको समेत साझेदारीमा उपयुक्त आवास निर्माण कार्यलाई निरन्तरता दिईने छ।

६४. गाउँपालिका क्षेत्रभित्र समग्र खेलक्षेत्रको विकास र विस्तारको लागि ५ नं. वडाको जहदामा रहेको खेलमैदानलाई पालिकास्तरीय मैदानको रुपमा स्तरोन्नति गरिनेछ। त्यसैगरी ७ नं. वडा को जनकल्याण माध्यमिक विद्यालयको खेलकुद मैदानलाई क्रिकेट मैदानको रुपमा विकास गरिनेछ। यसका लागि संघीय सरकार, प्रदेश सरकार सँग साझेदारी तथा आवश्यक सहकार्य गरिनेछ ।

६५. गाउँपालिका क्षेत्रभित्र खेलिने विभिन्न विधाको खेलकूदहरुलाई विकास गर्दै लाने ध्येयले "अध्यक्षकप" खेलकूद प्रतियोगिता आयोजना गरिनेछ।

६६. बालमैत्री स्थानीय शासन सञ्चालन/बालमैत्री पालिका, बाल श्रम शोषण मुक्त पालिका,लैङ्गिक उत्तरदायी बजेट निर्माणमा जोड दिईनेछ।

६७. प्रादेशिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलकुदको माध्यमबाट पहिचान स्थापित गरेका गाउँपालिका क्षेत्र भित्रका विभिन्न विधाका खेलाडीहरुलाई सम्मान गरिनेछ।

६८. खुला व्यायामशाला, कबडहल जस्ता खेलकुद पुर्वाधारलाई क्रमश: विकास गर्दै पालिकास्तरीय कबडहल निर्माणमा बजेट विनियोजन गरिनेछ।

## खानेपानी र सरसफाईः-

६९. कानेपोखरी गाउँपालिकाको वार्ड नं.१ देखी वडा नं ७ सम्मका क्षेत्रहरुमा खानेपानीको पहुँच नपुगेको स्थानहरुको पहिचान गरी खानेपानी पाईप विस्तार तथा गडानको कार्य निरन्तरता दिईनेछ जसका लागि नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरी आयोजना सञ्चालन गरिनेछ ।

७०. कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी व्यवस्थापन गर्ने तथा छिमेकी स्थानीय तहहरुसँगको साझेदारीमा गाउँपालिका क्षेत्रभित्रबाट उत्पत्ति भएका कुहिने/नकुहिने फोहोरको प्रशोधन गरी व्यवस्थापन गर्ने तथा फोहोरको

दीर्घकालीन व्यवस्थापन गर्नका लागि रंगली नगरपालिका,सुनवर्षी नगरपालिका,धनपालथान गाउँपालिका सहितको एकीकृत फोहोर व्यवस्थापन केन्द्र निर्माण कार्यलाई सहकार्य गरी  फोहर व्यवस्थापन केन्द्र निर्माणको व्यवस्था मिलाइनेछ।

७१. गाउँपालिकाको बजार क्षेत्रभित्रबाट दिनहुँ निस्कने फोहोरको प्रत्येक घरधुरीबाटै व्यवस्थापन गर्न **"म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि फोहोर उत्पादन गर्ने घरधुरीले नै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरको व्यवस्थापन घरधनी स्वयंले र नकुहिने फोहोर मात्र गाउँपालिकाबाट संकलन गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहोरलाई प्राङ्गारिक मलमा रुपान्तरण गर्नका लागि सरोकारवाला लक्षित सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।

७२. अत्यधिक मानवीय चाप हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानमा सार्वजनिक शौंचालय निर्माण गर्दै जाने व्यवस्थालाई निरन्तरता दिइएको छ।

## <u>संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र</u>

७३. न्यायिक समितिको क्षेत्रभित्रका मुद्दाहरुलाई मेलमिलापको माध्ययमबाटै समाधान गर्ने उद्देश्यले **"मिलाप गरौ, विलाप नगरौ"** भन्ने अभियानलाई निरन्तरता दिईनेछ। यसका लागी सवै वडामा स्थापना भएको मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ।

७४. गाउँपालिकाको आन्तरिक श्रोत तथा साझेदार संस्थासँगको साझेदारीमा आवधिक योजना, मध्यकालीन तथा दीर्घकालीन खर्च संरचना, GESI Policy, लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा दीगो विकासका लक्ष्यको स्थानीयकरण गर्न दस्तावेज निर्माण गरी गाउँपालिकाको संस्थागत विकास गर्दै लगिनेछ।

७५. आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई गाउँपालिकाको वेभसाईटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

७६. विगतका आर्थिक वर्षहरुमा महालेखपरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु फर्छ्यौट गर्ने प्रकृया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समायवधीमा बेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाईनेछ।

७७. गाउँपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा थप प्राविधिक जनशक्तिको व्यवस्था गर्दै त्यस्ता जनशक्तिलाई आधुनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालित गरिनेछ।

७८. बेवारिसे सडक मानिसहरुलाई व्यवस्थापन गर्न मानव सेवा आश्राम विराटनगर र माया घर ईटहरीसँग साझेदारी गरी बेवारिसे मानवको उचित व्यवस्थापन गरिनेछ।

## सुशासन तथा संस्थागत क्षमता विकास:

७९. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा प्रचलित कानुन अनुसार पदपूर्ति गरिने छ।

८०. सुशासन तथा संस्थागत विकासको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि निर्माण गरी आदेशको एकात्मकता (Organizational Chain Of Command ) कायम गरिने छ ।

८१. गाउँपालिका र वडाका सवै कर्मचारीहरुको कार्य विवरण अनुसार कार्यसम्पादन गरिने छ र मासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ ।

८२. लक्ष्य तथा नतिजामा आधारित कार्यसम्पादन सम्झौता (Result Based Performance) को शुरुवात गरी प्रत्येक वर्ष स्वास्थ्य तर्फ १ जना, वडा तर्फ १ जना, पालिका तर्फ १ जना गरी ३ जना कर्मचारीलाई वर्ष उत्कृट कर्मचारी घोषणा गरी पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।

८३. गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन डिजिटल शासन (Digital Governance) मा जोड दिईनेछ ।

८४. गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणाली (Institutional Memory ) लाई व्यवस्थित गर्दै लगिनेछ भने नवीन प्रविधिलाई जोड दिदै कागजविहीन शासन (Paperless Governance/ Digital Governance) को अवधारणा अवलम्वन गरिनेछ।

८५. आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनका आधारमा सम्भाव्यता अध्ययन गरिनेछ।

**<u>सहकारीः-</u>**

८६. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरु मार्फत उत्पादनमूलक क्षेत्रमा लगानी बढाई स्थानीयवासीको आय आर्जन अभिवृद्धि गर्ने हेतुले त्यस किसिमका कार्यक्रम संचालन गर्न चाहने सहकारी संस्थाहरुबाट साझेदारीमा कार्यक्रम संचालन गर्नको लागी उपयुक्त प्रस्ताव पेश गर्ने सहकारीलाई अनुदान दिने व्यवस्था गरिनेछ।

८७. सहकारी संस्थाहरुको अभिलेखीकरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइदै सहकारीको अनुगमन कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

८८. निष्कृय रुपमा रहेका सहकारी संस्थालाई पुन:सञ्चालन तथा खारेजीको प्रक्रिया अगाडि बढाइनेछ।

## सामाजिक विकास /रोजगार,सीप तथा उद्धमशीलता

८९. व्यवसायिक सीप सिकी उद्यममा आवद्ध हुन चाहने वेरोजगार आदिवासी जनजाती दलित तथा अल्पसंख्यक, महिला, यूवा, भिन्न क्षमता भएका व्यक्तिहरुलाई सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्थापन गरिनेछ। उत्पादन तथा उद्धमशीलता मार्फत् रोजगारी श्रृजना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास उद्धमशीलता प्रवर्द्धन र पून एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गरिने छ ।

९०. श्रम तथा रोजगार कार्यक्रमसँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।गाउँपालिका क्षेत्रभित्र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले पठाउने गरेको विप्रेषण रकमलाई व्यवसायिक उद्यममा लगानी गर्ने वातावरण मिलाइनेछ। वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पारिवारिक सौहार्दताको लागि मनोपरामर्शदाताको व्यवस्था गरी टोल टोलमा शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ।

## सुशासन सम्वन्धी नीतिहरु

९१. कानेपोखरी गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ, सोका लागि बजेट विनियोजन गरिनेछ ।

९२. गाउँपालिकाको कार्यप्रगतिको नियमित सार्वजनिकीकरण गरी पारर्दशिता प्रणालीको विकास गरिनेछ भने गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई बढीमा ५०% सम्म फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

९३. “आन्तरिक लेखा परीक्षण” लाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याइनेछ । वित्तीय जोखिम न्यूनीकरणका लागि आन्तरिक प्रणाली विकास गरिनेछ। आयोजनाको आर्थिक सामाजिक लाभ विश्लेषण गरी आयोजना बैक स्थापना गरिनेछ ।

९४. प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन गरिने छ। न्यायिक समितिको काम कारवाहीलाई र सर्वसाधारणको पहुँचमा पुर्याईने छ।

९५. पालिकापालिकावाट संचालित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ भने सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ।

## वन,वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः-

९६. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक सरंचनाका संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

९७. चिसाङ्ग, डाँस, लगायत अन्य खोला/खोल्सीबाट हुनसक्ने कटान रोकथाम तथा नियन्त्रणका लागि तटबन्धन कार्यलाई निरन्तरता दिईनेछ।उपयुक्त रकम विनियोजन गरिनेछ भने गाउँपालिका क्षेत्रभित्रका नदीनालाबाट हुनसक्ने कटान नियन्त्रणको दीर्घकालीन व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आयोजना माग गर्ने व्यवस्था मिलाईनेछ।

९८. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट स्थानीय कानून बमोजिम **तत्काल् राहत** उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

## भूमि व्यवस्थापन सम्बन्धीः-

**९९.** गाउँपालिका क्षेत्रभित्र जग्गाको श्रेस्ता र नाप नक्सामा भोगचलन फरक पारी वर्षौंदेखि समस्या भोग्दै आएका क्षेत्रमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, नापी विभाग सँगको समन्वय तथा सहकार्यमा विशेष नापीबाट नाँपजाँच

कार्यको सुरुवात गरिनेछ। जग्गा नाँपजाँचको समस्या भएका गाउँपालिकाको क्षेत्रमा विशेष नापीको विस्तार गर्दै लग्ने नीति लिईनेछ।

१००. गाउँपालिका क्षेत्रभित्रका भूमिहीन दलित/सुकुम्वासीलाई निःशुल्क जग्गा उपलब्ध गराउन र अव्यवस्थित वसोवासीको व्यवस्थापनका लागि जग्गा नाँपजाँच कार्यलाई थप तिव्रता दिईनेछ। जग्गा नाँपजाँच कार्यलाई तिव्रता दिन राष्ट्रिय भूमि आयोगसँग समन्वय गरिनेछ। जग्गा नाँपजाँच कार्यमा खटिने प्राविधिक जनशक्तिलाई आधुनिक/औजार उपकरण सहित कार्यालय समय बाहेक र सार्वजनिक विदाको समयमा समेत परिचालित गरिनेछ ।

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाका तिर लैजाने कार्यको सोच सहित आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम कानेपोखरीको भविष्यको मार्गदर्शक दस्तावेज हो। पालिकालाई समृद्ध बनाउन सबै पालिकाबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ। यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो। पालिकाको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी पालिकाबासीलाई हार्दिक आग्रह गर्दछौं। हामीले पालिकाबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं। विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं। केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी पालिकाको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौ ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, माहामारीको असर न्यून, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र

पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु।

अन्तमा, कानेपोखरीको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण गाउँपालिकाबासी दिदिबहिनी दाजुभाई तथा विकासका साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राजमति इङ्गनाम
अध्यक्ष
कानेपोखरी गाउँपालिका

****धन्यवाद***

| कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को कुल आय र व्यय अनुमानः | | | |
|---|---|---|---|
| आय तर्फ | | | |
| सि.नं. | स्रोत शीर्षक | आय रकम | कैफियत |
| **क.** | **संघिय सरकारबाट जम्मा प्राप्त हुने** | **४७,८५,७०,०००।-** | |
| १ | वित्तीय समानीकरण अनुदान | १२,५३,००,०००।- | |
| २ | सशर्त अनुदान | २२,४१,००,०००।- | |
| ३ | राजस्व बाँडफाँड | १०,७६,७०,०००।- | |
| ४ | समपूरक अनुदान | ६५,००,०००।- | |
| ५ | विशेष अनुदान | १,५०,००,०००।- | |
| **ख.** | **कोशी प्रदेशबाट जम्मा प्राप्त हुने** | ४,४०,०३,७५५।- | |
| ५ | वित्तीय समानीकरण अनुदान | १,१७,७५,०००।- | |
| ६ | सशर्त अनुदान | १३०,९०,०००।- | |
| ७ | राजस्व बाँडफाँड(सवारी साधान) | ९१,३८,७५५।- | |
| ८ | समपूरक अनुदान | १,००,००,०००।- | |
| **ग.** | **आन्तरिक श्रोत जम्मा प्राप्त हुने** | **२५६५१६२४५।-** | |
| १० | वडागत राजस्व | २,००,००,०००।- | |
| ११ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १,५०,००,०००।- | |
| १२ | दहत्तर बहत्तर बाँडफाँड | १,५०,००,०००।- | |
| १४ | आन्तरिक आय (बैंक मौज्दात सहित) र अन्य आल्य | २०६५१६२४५।- | |
| **जम्मा (क+ख+ग)** | | **७७९०९००००।-** | |
| व्यय तर्फ | | | |
| सि.नं. | व्यय शीर्षक | व्यय रकम | कैफियत |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ९,२६,००,०००।- | |
| २ | आर्थिक विकास तर्फ | ३,२०,९००००।- | |
| ३ | सामाजिक विकास तर्फ | ५,१०,००,०००।- | |
| ४ | पूर्वाधार विकास तर्फ | ५८,९४,०००००।- | |
| ५ | सुशासन तथा अन्तरसम्बन्ध क्षेत्र तर्फ | १,४००००००।- | |
| | | **७७९०९००००।-** | |